# प्रयोगविहिन फेरी लिलामी विक्री सम्बन्धी बोलपत्र फाराम

## आ.व.२०८१।०८२

राइनास नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
तिनपिप्ले,लमजुङ
गण्डकी प्रदेश, नेपाल
२०७३

राइनास नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

तीनपिप्ले, लमजुङ

गण्डकी प्रदेश, नेपाल

तुल बहादुर वि.क
वरिष्ठ प्रशासकीय अधिकृत


वेवसाइटः-https:://rainasmun.gov.np

इमेलःrainasmunicipality@gmail.com

**राइनास नगरपालिका**

**नगरकार्यपालिकाको कार्यालय**

**तीनपिप्ले,लमजुङ,गण्डकी प्रदेश**

राइनास नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
तीनपिप्ले,लमजुङ
गण्डकी प्रदेश, नेपाल
२०७२

**सम्पत्ति तथा जिन्सी मालसामान(प्रयोग विहिन फेरी) लिलाम विकीको लागि बोलपत्र आव्हानको सूचना**

सूचना नं. ०२

**दोश्रो पटक प्रकाशित मितिः२०८२-०१-२१**

यस नगरपालिका अन्तर्गत रहेको लिलाम बिक्री गर्नुपर्ने सम्पत्ति तथा जिन्सी मालसामान जे जस्तो अवस्थामा छ सोही अवस्थामा बोलपत्रको माध्यमद्वारा लिलाम विक्री गर्नुपर्ने भएकोले इच्छुक व्यक्ति फर्म संस्था वा कम्पनीले देहायका शर्तहरूको अधीनमा रही बोलपत्र पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ।

१. इच्छुक बोलपत्रदाताहरूले राइनास नगरपालिकाको कार्यालय अन्तर्गत जिन्सी शाखाबाट आवश्यक जानकारी हासिल गर्ने वा बोलपत्र सम्बन्धी कागजात हेर्न तथा खरिद गर्न सक्नेछन् ।

२. इच्छुक बोलपत्रदाताले २०८१-०१-२७ गतेसम्म कार्यलय समयभित्र फिर्ता नहुने गरि रू १००० **(अक्षेरेपी एक हजार रुपैयाँ)** रकम हिमालयन बैङ्क,तीनपिप्ले,राइनास स्थित यस राइनास नगरपालिकको राजस्व खाता नं. ग-१-१ आन्तरिक राजश्व खाता २५५५५३७६५२०१८४ मा बुझाई सक्कल राजस्व दाखिला भौचरसहित, बोलपत्रदाताको **फर्मदर्ता प्रमाणपत्र,प्यानदर्ता प्रमाणपत्र, करचुक्ता प्रमाणपत्र** वा इच्छुक व्यक्ति भएमा नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपीहरू संलग्न राखी बोलपत्र फाराम खरिदको लागि निवेदन पेश गर्नुपर्नेछ।

३. वोलपत्र प्रकाशित भएको मितिले **८ औं दिनको १२:०० बजे** भित्र यस कार्यालयमा दर्ता गरी सक्नुपर्नेछ।

४. कार्यालयमा दर्ता भएका बोलपत्रहरू **८ औं दिनको** २:०० बजे उपस्थित भएका बोलपत्रदाता वा निजको प्रतिनिधिहरूको रोहबरमा यस कार्यालयमा खोलिनेछ। तर बोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभएको कारणले मात्र वोलपत्र खोल्न बाधा पर्ने छैन।

तुल बहादुर वि.क
वरिष्ठ प्रशासकीय अधिकृत

५. लिलाम बिक्री हुने सम्पत्ति तथा जिन्सी मालसामान हेर्न चाहने वोलपत्रदाताले कार्यालय समयभित्र जिन्सी शाखामा सम्पर्क राखु पर्नेछ।

६. बोलपत्रदाताले वोलपत्र साथ जमानत वापत आफूले कबोल गरेको दररेट अनुसारले हुन आउने **कुल रकम(मु.अ.कर सहित)को दश प्रतिशत** यस कार्यालको नाममा रहेको हिमालयन बैंक,तीनपिप्ले राइनास शाखामा रहेको धरौटी खाता नं. ग-३ **स्थानीय तह धरौटी खाता २५५५५३७६५२०१६८** मा जम्मा गरी सोको सक्कल बैङ्क भौचर वा यस कार्यालयको नाममा जारी भएको कम्तीमा नब्बे दिन म्याद भएको बैङ्क जमानत (विड वण्ड) पेश गर्नु पर्नेछ।

७. बोलपत्र खरिद गर्ने, दाखिला गर्ने र खोल्ने अन्तिम दिन विदा परेको खण्डमा त्यसको लगत्तै कार्यालय खुलेको दिन बोलपत्र खरिद गर्ने दाखिला गर्ने र खोल्ने दिन मानिनेछ।

तुल बहादुर वि.क
वरिष्ठ प्रशासकीय अधिकृत

राईनास नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
तिनपिप्ले, लमजुङ
गण्डकी प्रदेश, नेपाल
२०७३

<u>फेरी सम्बन्धी विवरणः</u>

१. Ferry Block – 4 pcs
२. Ferry Ramp – 2Pcs
३. Support Tower- 2 pcs
४. Stationary Rope - 52 mm diameter steel core steel rope- 100m
५. Hauling Rope – 22 mm diameter fiber core steel rope – 250m
६. Pulley Setup – 2 Pcs
७. Gear Box of Winch Machine

तुल बहादुर वि.क

(वोलपत्र दाताले वोलपत्र फाराम पेश गर्दा भर्नुपर्ने निवेदन)

श्रीमान् प्रमुख प्रशासकीय अधिकृत ज्यू,

राइनास नगरकार्यपालिकाको कार्यालय,

तीनपिप्ले,लमजुङ,गण्डकी प्रदेश,नेपाल।

विषयः बोलपत्र पेश गरेको सम्बन्धमा।

त्यस कार्यालयको सूचना नं ०२ मिति २०८१-०१-२१ मा प्रकाशित सूचना अनुसार लिलाम विक्रीको लागि राखिएको सम्पत्ति तथा जिन्सी मालसामान(प्रयोगविहिन फेरी) तपसिल बमोजिम सकार गर्न मन्जुर भएकोले यो बोलपत्र फारम भरि पेश गरेको छु।

तपसिलः

कबोल अंकः.......................................................................(न्यूनतम तीन लाख हुनुपर्ने)

मु.अ.कर ( १३%): ..........................................

जम्मा कबोल अंकः..................................................................

जम्मा कबोल अंक अक्षरमा :........................................................................................

बोलपत्र पेश गर्ने फर्म/व्यक्तिको नामः

ठेगानाः

मितिः

हस्ताक्षरः

राइनास नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
तीनपिप्ले, लमजुङ
गण्डकी प्रदेश, नेपाल
२०७३

तुल बहादुर वि.क.
वरिष्ठ प्रशासकीय अधिकृत

बोलपत्रदाता फर्म/व्यक्तिले भर्नु पर्ने विवरणहरूः

इचास नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
तिनपिप्ले, लमजुङ
गण्डकी प्रदेश, नेपाल
२०७३

१. बोलपत्रदाता फर्म वा व्यक्तिको नामः
२. प्रोपाइटर वा मुख्य कारोबार गर्ने व्यक्तिको नामः
३. बोलपत्र साथ संलग्न कागजात
   - कम्पनी/फर्म दर्ता नविकरण सहितको
   - प्यान/भ्याट दर्ता प्रमाणपत्र
   - आ.व. २०८०/०८१ को कर चुक्ता प्रमाणपत्र
   - व्यक्तिको हकमा नागरिकताको प्रमाणपत्र
४. बोलपत्र फारम दस्तुर रू. १०००
५. जमानत बापतको हिमालयन बैङ्कमा जम्मा गरेको रकम ( मु.अ.कर सहितको कुल कबोल अङ्कको १०% ले हुन आउने रकम)रू. .............................. अक्षरुपी ............................................................ बराबरको सक्कल भौचर
६. बोलपत्र पेश गरेको मितिः २०८२।०१।..............
७. फर्म वा व्यक्तिको तर्फबाट बोलपत्र प्रयोजनका लागि कुनै प्रतिनिधि नियुक्ति गरेको भए त्यसको विवरण र संलग्न कागजात

तुल बहादुर वि.क.
वरिष्ठ प्रशासकीय अधिकृत

## *<u>बोलपत्र सम्बन्धी शर्तहरू</u>*

(१) बोलपत्र सम्बन्धी कागजातः लिलाम विक्री सम्झौताको लागि यो बोलपत्र फाराममा समावेश भएको सम्पूर्ण विषय लागू हुनेछ। वोलपत्रदाताले कार्यालयबाट खरिद गरेको बोलपत्र फाराममा दस्तखत र फर्म वा संस्था भए छाप समेत लगाई पेश गर्नुपर्नेछ ।

(२) वोलपत्रको भाषा लिलाम बिक्रीको लागि कार्यालय तथा बोलपत्रदाताले प्रयोग गर्ने कागजात तथा पत्राचार नेपाली भाषामा हुनेछ।

(३) कुनै बोलपत्रदाता फर्म वा संस्थाले संयुक्त उपक्रममा बोलपत्र पेश गर्न चाहेमा संयुक्त उपक्रम सम्झौता गरी पेश गर्न सक्नेछ। यसरी सम्झौता गरेपश्चात बोलपत्र फाराममा दस्तखत गर्ने लगायतको लागि आधिकारिक व्यक्ति नियुक्त गरी निजको दस्तखत नमूना बोलपत्र फाराममा समावेश गर्नुपर्नेछ ।

(४) लिलाम बिक्री सम्बन्धी कारबाही आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ तथा नियमावली, २०७७ मा भएको व्यवस्थाबमोजिम हुनेछ ।

(५) बोलपत्रसाथ आफूले कबोल गरेको रकमको १०% (दश प्रतिशत) ले हुने रकम हिमालयन बैङ्कमा यसकार्यालको धरौटी खाता नं. ग-३ स्थानीय तह धरौटी खाता २५५५५३७६५२०१६८ मा जम्मा गरेको सक्कल भौचर पेश गर्नुपर्नेछ।

(६) बोलपत्रदाताले स्पष्टरूपमा प्रोपाइटर, कारोवार गर्ने मुख्य व्यक्ति, कारोबार गर्ने मुख्य स्थल वा पसल, फोन नम्बर आदि सबै कुराको जानकारी उपलब्ध गराउनु पर्नेछ।

(७) बोलपत्रदाताले वोलपत्र फाराम भर्दा राम्ररी अध्ययन गरी सच्याएको ठाउँमा र प्रत्येक पानामा आफूले हस्ताक्षर गरी आफ्नो फर्मको छाप समेत लगाउनु पर्नेछ।

(८) कार्यालयले लिलाम विक्रीको लागि छनौट भएको व्यक्ति वा फर्मको सूचना प्रकाशन गरेपछि सो प्रक्रियामा चित्त नबुझेका बोलपत्रदाताले सात दिनभित्र कार्यालय प्रमुखसमक्ष निवेदन पेश गर्नु पर्नेछ ।

(९) लिलाम विक्रीको लागि पेश भएको बोलपत्र स्वीकार गर्ने वा नगर्ने अधिकार कार्यालयमा सुरक्षित रहेको छ।

तुल बहादुर वि.क.
वरिष्ठ प्रशासकीय अधिकृत

(१०) लिलाम बिक्री सम्झौता सम्वन्धी विवाद देखिएमा कार्यालय र बोलपत्रदातावीच वार्ताद्वारा समाधान गरिनेछ ।

(११) बोलपत्र फाराममा विभिन्न प्याकेजमा सम्पत्ति तथा मालसामान लिलाम बिक्री गर्ने गरी समुहकृत गरिएकोमा प्याकेज भित्र रहेका सम्पत्ति तथा जिन्सी मालसामानको मूल्य कबोल गर्नु पर्नेछ। प्रत्येक प्याकेजको कुल रकममा बढी रकम कबोल गर्ने बोलपत्रदाता छनौट गरिनेछ ।

(१२) लिलाम गरिने मालसामानको न्यूनतम मूल्य रु ३,००,००० (अक्षेरुपी तीन लाख रुपैयाँ मात्र) कायम गरिएकोछ। वोलपत्रदाताले यसै रकमलाई न्यूनतम रकम मानी बोलकबोल गर्नुपर्नेछ ।

(१३) बोलपत्र फाराममा उल्लेख भए अनुरूपका लिलाम बिक्री गरीने सम्पत्ति तथा जिन्सी मात्तसामान वोलपत्र पेश गर्नु अगावै हेरी बोलपत्र फाराम पेश गर्नु पर्नेछ।

(१४) पेश भएको बोलपत्रको मान्य अवधि साठी दिनको हुनेछ। पेश हुन आएका बोलपत्र मूल्याङ्कन उक्त अवधि भित्र गरी सम्झौताको लागि छनौट गरिनेछ।

(१५) बोलपत्र फाराममा सम्पत्ति तथा जिन्सी मालसामानको कबोल रकम स्पष्ट अङ्क र अक्षरमा लेखु पर्नेछ। अङ्क र अक्षरमा फरक पर्न गएमा अक्षरलाई मान्यता दिइनेछ।

(१६) लिलाम विक्रीको सम्झौता वमोजिमको रकम एकमुष्ट कार्यालयमा नगद वा कार्यालयले तोकेको बैंकमा जम्मा गरी सोको भौचर पेश गर्नु पर्नेछ।

(१७) बोलपत्रदाताले सम्झौतामा उल्लखित अवधिभित्र सम्पूर्ण सम्पत्ति तथा जिन्सी मालसामान उठाई लैजानु पर्नेछ।

(१८) लिलाम बिक्रीवाट सकार गरेको सम्पत्ति तथा जिन्सी मालसामान जे जस्तो अवस्थामा छ सोही अवस्थामा उठाई लैजानुपर्नेछ ।

(१९) लिलाम गरिएको सम्पत्ति तथा मालसामान ढुवानी गरी एक ठाँउबाट अर्को ठाँउमा लैजादा लाग्ने सम्पूर्ण खर्च (कर समेत) बोलपत्रदाता आफैले व्यहोर्नु पर्नेछ ।

(२०) सम्झौता अवधिभित्र सम्पत्ति तथा मालसामान बोलपत्रदाताले उठाई लान कावु बाहिरको परिस्थिति परेमा सम्झौता अवधि सकिनु अगावै म्याद थपको लागि कार्यालयमा निवेदन पेश गर्नु पर्नेछ ।

तुल बहादुर वि.क.
... प्रशासकीय अधिकृत

(२१) सम्झौता अवधि भित्र सम्पत्ति तथा मालसामान उठाई नलगेमा वा सम्झौताको शर्त वोलपत्रदाताले उल्लंघन गरेका कार्यालयले वोलपत्रदाताको धरौटी रकम जफत गरी सम्झौता अन्त्य गरिनेछ ।

(२२) बोलपत्रदाताले सशर्त बोलपत्र पेश गर्न सक्ने छैन।

(२३) बोलपत्र सम्वन्धी शर्तहरू सम्झौताको अङ्ग हुनेछ।

तुल बहादुर वि.क.
वरिष्ठ प्रशासकीय अधिकृत

नगर कार्यपालिकाको कार्यालय
प्रदेश, नेपाल

## लिलाम विक्रि हुने सम्पत्ति तथा जिन्सी मालसामनको कबोल अंक सम्बन्धी फारम

### न्युनतम बोलकबोल अङ्क रू ३,००,०००( अक्षेरपि तीन लाख मात्र)

| क्र.सं | विवरण | कबोल गरेको रकम ( अंकमा) |
| --- | --- | --- |
| १ | प्रयोगविहिन फेरी लिलामी | |
| भ्याट १३% | | |
| कुल जम्मा | | |
| कबोल गरेको रकम( अक्षरमा) | | |

**बोलपत्रदाता**

बोलपत्र पेश गर्ने व्यक्ति वा फर्मको नामः

फर्मको आधिकारिक प्रतिनिधि नामः

दस्तखतः

फर्मको छापः

मितिः

तुल बहादुर वि.क
वरिष्ठ प्रशासकीय अधिकृत

राइनास नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
तिनपिप्ले,लमजुङ
गण्डकी प्रदेश, नेपाल
२०७३

**(प्रयोगविहिन फेरी लिलामी सम्बन्धि सम्झौता पत्र)**

वि.सं. २०..........गतेका दिन **राइनास नगरकार्यपालिकाको कार्यालय,तीनपिप्ले,लमजुङ** (यसपछि कार्यालय" भनिएको) र ..............................................(यसपछि बोलपत्रदाता भनिएको बीच लिलाम बिकी गर्न निर्णय भएका सम्पत्ति (प्रयोगविहिन फेरी) जे जस्तो अवस्थामा छ सोही अवस्थामा उठाई लैजाने सम्बन्धमा भएको मिति २०.............. को निर्णयानुसार स्वीकृत भएकोले यो सम्झौता गरिएको छ।

(१) सम्झौताको अवधि वि.सं. **२०८२-०३-१५** सम्मको हुनेछ ।

(२) लिलाम बिकी सम्झौता रकम रू........................(अक्षरेपी .......................................) रहेको छ।

(३) सम्झौता अवधिभित्र लिलाम कबोल गरेको सम्पुर्ण रकम नगद वा बैङ्कमा दाखिला गरी भौचर प्राप्त भएपश्चात सरकारी सम्पत्ति तथा मालसामान बुझाइनेछ ।

(४) बोलपत्रदाताले सम्पत्ति तथा मालसामान जे जस्तो अवस्थामा छ सोही अवस्थामा उठाई लैजानु पर्नेछ। सम्पत्ति तथा मालसामान उठाई लैजाने सम्बन्धमा लाग्ने सम्पूर्ण खर्च बोलपत्रदाता आफैले व्यहोर्नु पर्नेछ।

(५) लिलाम सकार गरेको सम्पत्ति तथा मालसामानमा ढुवानी गर्दा लाग्ने सम्पूर्ण करहरू बोलपत्रदाता स्वयंले व्यहोर्नु पर्नेछ। कुनै पनि कर बापत तिरेको रकमको सोधभर्ना यस कार्यालयबाट दिइने छैन।

(६) लिलाम सकार गरेको सम्पूर्ण सम्पत्ति तथा जिन्सी मालसामान बोलपत्रदाताले उठाउन चाहेको समय (कार्यालय समयभित्र) मा कार्यालयले उपलब्ध गराउनु पर्नेछ ।

(७) सम्झौता अवधिभित्र लिलाम कबोल गरेको रकम बुझाई सम्पत्ति तथा मालसामान उठाई नलगेमा वा सम्झौताको शर्त उल्लघंन गरेमा धरौटी बापत राखेको रकम जफत गरी सम्झौता अन्त्य गरिनेछ ।

(८) वोलपत्र फाराममा उल्लेखित बोलपत्रका शर्तहरू यस सम्झौताको अभिन्न अङ्ग रहनेछ।

(९) यसमा उल्लेख भएका बाहेक अन्य कुराको हकमा नेपाल सरकारको प्रचलित कानूनबमोजिम हुनेछ ।

| **ठेकेदारको तर्फवाट** | **कार्यालयको तर्फबाटः** |
|---|---|
| नामः | नामः |
| पदः | पदः |
| दस्तखतः | दस्तखतः |
| मितिः | मितिः |

**साक्षीरोहबर :-**

१.
२.

तुल बहादुर वि.क
वरिष्ठ प्रशासकीय अधिकृत